**प्रमुख समाचार:**

- संसदका दुवै सदनमा अपरेशन सिन्दूरको बारेमा विशेष छलफल
- शिक्षामन्त्री धर्मेन्द्र प्रधानका अनुसार राष्ट्रिय शिक्षा नीति-२०२० ले भारतमा विश्वस्तरीय शिक्षा प्रवर्द्धन गर्ने
- रक्षा अनुसन्धान तथा विकास संगठनद्वारा ओडिशाको तटमा प्रलय क्षेप्यास्त्रको लगातार दुई सफल परीक्षण
- हिमाचल प्रदेशको मन्डी जिल्लामा अचानक आएको बाढीका कारण तीन जनाको मृत्यु, एक जना बेपत्ता
- अनि विश्वभर बाघ संरक्षण प्रयासहरूको बारेमा जागरूकता जगाउन आज अन्तर्राष्ट्रिय बाघ दिवस मनाइँदै

१. RS – Operation Sindoor

पहलगाममा भएको आतंकवादी हमलाको प्रतिक्रियामा भारतको बलियो, सफल र निर्णायक अपरेशन सिन्दूरको बारेमा आज राज्यसभामा विशेष छलफल भयो। छलफल सुरु गर्दै **रक्षामन्त्री राजनाथ सिंहले** जम्मू कश्मीरमा २६ निर्दोष मानिसहरूको निर्मम हत्या गर्ने तीन आतंककारीहरूलाई मारेकोमा भारतीय सेना र सुरक्षा बललाई बधाई दिनुभयो। उहाँले भन्नुभयो, अपरेशन सिन्दूरको उद्देश्य आतंकवादी लुक्ने ठाउँहरू नष्ट गर्नु र भारतको आतंकवादप्रति शून्य सहनशीलताको नीति रहेको स्पष्ट सन्देश पठाउनु थियो। रक्षामन्त्रीले भन्नुभयो, आतंककारीहरूले भारतलाई सजिलो लक्ष्य मानिरहेका थिए, तर यदि तिनीहरूले निर्दोष मानिसहरूलाई मार्छन् भने, तिनीहरूको लुक्ने ठाउँहरू नष्ट गरिनेछ भन्ने स्पष्ट सन्देश आतंककारीहरूलाई दिइएको छ । **राज्यसभामा विपक्षी दलका नेता मल्लिकार्जुन खड्गेले** छलफलमा भाग लिँदै अपरेशन सिन्दूरको समयमा घोषणा गरिएको युद्धविरामको बारेमा सरकारलाई प्रश्न गर्नुभयो। सरकारलाई गुप्तचर असफलताको आरोप लगाउँदै उहाँले भन्नुभयो, उरी, पुलवामा र अहिले पहलगाम आक्रमणले गुप्तचर असफलतालाई प्रतिबिम्बित गर्दछ। श्री खड्गेले पहलगाम आतंकवादी हमलाका लागि जिम्मेवार आतंककारीहरूलाई पक्राउ गर्न सरकार असफल भएकोमा पनि प्रश्न उठाउनुभयो।

२. LS – Operation Sindooor

यसैगरी लोकसभाले आज अपरेशन सिन्दूरको बारेमा विशेष छलफल पुनः सुरु गऱ्यो। छलफलमा भाग लिँदै गृहमन्त्री अमित शाहले भन्नुभयो, अपरेशन महादेवको क्रममा भारतीय सेना, सीआरपीएफ र जम्मू कश्मीर प्रहरीले पहलगाम आतंकवादी हमलामा संलग्न तीन आतंककारीहरूलाई मारेको थियो।

३. PM – Shah – LS Speech

प्रधानमन्त्री नरेन्द्र मोदीले अपरेशन सिन्दूर र अपरेशन महादेवले कायर आतंककारीहरूलाई समाप्त पार्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभएको छ। सामाजिक सञ्जालको एक पोस्टमा उहाँले गृहमन्त्री अमित शाहको लोकसभामा गरिएको भाषण साझा गर्दै यसलाई यी अपरेशनहरूको बारेमा महत्त्वपूर्ण जानकारी भन्नुभएको छ।

४. RS – Manipur President Rule

राज्यसभाका उपसभापति हरिवंशले आज राज्यसभामा कार्य सल्लाहकार समितिले अगस्ट १३, २०२५ देखि छ महिनाका लागि मणिपुरमा राष्ट्रपति शासन लम्ब्याउने बढाउने सम्बन्धी प्रस्तावमा विचार गर्न  दुई घण्टा समय छुट्याएको बताउनुभयो। गृहमन्त्री अमित शाहले संसदको चालू सत्रमा राज्यमा राष्ट्रपति शासन लम्ब्याउन माथिल्लो सदनमा वैधानिक प्रस्ताव पेश गर्नु हुनेछ। मुख्यमन्त्री एन. बिरेन सिंहले राजीनामा दिएपछि यस वर्ष फेब्रुअरी १३ मा मणिपुरमा राष्ट्रपति शासन लागू गरिएको थियो।

५. RS – Puri Oil Gas

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भारतमा विशेष गरी अपतटीय क्षेत्रहरूमा तेल तथा ग्यासको अन्वेषणमा नयाँ वृद्धि भइरहेको बताउनुभएको छ। आज राज्यसभामा, श्री पुरीले २०२२ मा तेल तथा ग्यास अन्वेषणको लागि लगभग दस लाख वर्ग किलोमिटर अपतटीय क्षेत्रहरू खोल्नु एक ऐतिहासिक विकास भएको बताउनुभयो।

६. LS – Export

सरकारले देशको निर्यात पारिस्थितिक प्रणालीलाई सुदृढ पार्न र भारतीय उत्पादनहरूको विश्वव्यापी प्रतिस्पर्धात्मकता बढाउन विभिन्न नीतिगत उपायहरू र पहलहरू गरेको छ। आज लोकसभामा, वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले सरकारले निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिन वस्तु तथा सेवा क्षेत्रका २० वटा महत्वपूर्ण देशहरू र प्रत्येकमा छ वटा प्रमुख क्षेत्रहरू पहिचान गरेको बताउनुभयो।

७. Shiv Raj Singh Chauhan – Farmers Income

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भन्नुभएको छ, केन्द्र सरकारले विगत दश वर्षमा किसानहरूको आय र खाद्यान्न उत्पादन बढाउन धेरै उपायहरू अपनाएको छ। श्री चौहान आज लोकसभामा प्रश्नोत्तरको समयमा पूरक प्रश्नहरूको जवाफ दिँदै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, देशमा खाद्यान्न उत्पादन ३५ करोड ३० लाख टन पुगेको छ।

८. Dharmendra Pradhan - NEP 2020

राष्ट्रिय शिक्षा नीति २०२० ले आज पाँच वर्ष पूरा गरेको  छ। विगत पाँच वर्षमा, यो नीतिले भारतमा थप समावेशी, विद्यार्थी-केन्द्रित र भविष्यका लागि तयार शिक्षा प्रणालीको जग बसालेको छ। आज नयाँ दिल्लीमा अखिल भारतीय शिक्षा सम्मेलन २०२५ लाई सम्बोधन गर्दै शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राष्ट्रिय शिक्षा नीति विश्वव्यापी रूपमा विश्वस्तरीय शिक्षालाई प्रवर्द्धन गर्न तर्जुमा गरिएको बताउनुभयो। यसले दार्शनिक ढाँचाको रूपमा काम गर्दछ। श्री प्रधानले राष्ट्रिय शिक्षा नीतिले भारतीय शिक्षा प्रणालीमा रूपान्तरणकारी पुनर्जागरणको प्रतिनिधित्व गर्ने बताउनुभयो। सिक्किम राज्यमा यसको कार्यान्वयनसम्बन्धी बोल्दै SCERT का पूर्व सहायक प्राध्यापक मनोरथ दाहाल भन्नुहुन्छ

९. DRDO -  Missiles

रक्षा अनुसन्धान तथा विकास संगठन - DRDO ले आज र हिजो ओडिशाको तटमा रहेको डा. एपीजे अब्दुल कलाम टापुबाट प्रलय क्षेप्यास्त्रको लगातार दुई सफल परीक्षण गरेको  छ। प्रलय ठोस इन्धनद्वारा संचालित स्वदेशी क्षेप्यास्त्र हो, जुन ब्यालिस्टिक र क्रूज क्षेप्यास्त्रको सुविधाहरूले सुसज्जित छ। यो DRDO द्वारा विकसित गरिएको हो, जुन अत्याधुनिक प्रणालीहरूसँग सही रूपमा लक्ष्यमा प्रहार गर्न सक्षम छ।

१०. World Tiger Day

आज अन्तर्राष्ट्रिय बाघ दिवस हो। यो दिन हरेक वर्ष जुलाई २९ मा बाघको प्राकृतिक बासस्थानको संरक्षण र विश्वभर उनीहरूको संरक्षण प्रयासहरूको बारेमा जागरूकता जगाउने उद्देश्यले विश्वव्यापी रूपमा मनाइन्छ। यस अवसरमा केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले आज नयाँ दिल्लीस्थित राष्ट्रिय प्राणी उद्यानमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुभयो । उहाँले देशमा बाघ संख्या अहिले ५८ पुगेको बताउनुभयो।

११. Himachal – Uttarakhand - Flood

हिमाचल प्रदेशमा परेको मुसलधारे वर्षाले जनजीवन नराम्ररी प्रभावित भएको छ। हाम्रा संवाददाताका अनुसार मन्डी जिल्लामा अचानक आएको बाढीका कारण तीन जनाको मृत्यु भएको र एक जना बेपत्ता भएको बताएका छन्। अर्कोतर्फ, उत्तराखण्डका धेरैजसो भागहरूमा गए रातिदेखि नै निरन्तर वर्षा भइरहेको छ। मौसम विभागले राज्यका विभिन्न भागहरूमा मुसलधारे वर्षा हुन सक्ने बताउँदै  राज्यका मानिसहरूलाई सतर्क रहन सल्लाह दिएको छ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

१. संसदका दुवै सदनमा अपरेशन सिन्दूरको बारेमा विशेष छलफल

२. शिक्षामन्त्री धर्मेन्द्र प्रधानका अनुसार राष्ट्रिय शिक्षा नीति-२०२० ले भारतमा विश्वस्तरीय शिक्षा प्रवर्द्धन गर्ने

३. रक्षा अनुसन्धान तथा विकास संगठनद्वारा ओडिशाको तटमा प्रलय क्षेप्यास्त्रको लगातार दुई सफल परीक्षण

४. हिमाचल प्रदेशको मन्डी जिल्लामा अचानक आएको बाढीका कारण तीन जनाको मृत्यु, एक जना बेपत्ता

५. अनि विश्वभर बाघ संरक्षण प्रयासहरूको बारेमा जागरूकता जगाउन आज अन्तर्राष्ट्रिय बाघ दिवस मनाइँदै

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**